नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(............................................................शाखा)

प.सं. : ०७६/०७७
च.नं. : ९६

सिंहदरवार, काठमाण्डौं

## प्रेस विज्ञप्ति

मुलुकी संहिताहरू प्रारम्भ भएको एक वर्ष पुग्न लागेको अवसरमा संहिताहरुका व्यवस्था कार्यान्वयनमा संलग्न हुने सरोकारवाला निकायको एक वर्षको अनुभव, कार्यान्वयनमा रहेका समस्या तथा त्यस्ता समस्या समाधानको लागि गर्नु पर्ने सुधारका विषयमा छलफल तथा समिक्षा गरी मुलुकी संहिता दिवस मनाउने मन्त्रालयको कार्यक्रम रहेको र संहिताहरूमा गर्नु पर्ने सुधारका विषयहरु पहिचान गर्ने सन्दर्भमा प्रदेशस्तरमा समेत छलफल गरी प्राप्त सुझावको आधारमा प्रतिवेदन तयार गर्ने कार्यको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिवको संयोजकत्वमा सर्वोच्च अदालतका रजिष्टार, महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक समेत रहेको एक समिति गठन भई सो समितिले काम शुरु गरी सकेकोछ ।

मिति २०७६ साल साउन १४ गते मुलुकी संहिताको व्यवस्थामा गर्नु पर्ने सुधारका विषय पहिचान गर्न तथा यस सम्बन्धमा आगामी दिनमा कसरी अगाडी बढ्ने भन्ने विषयमा छलफल गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको अध्यक्षतामा संघीय संसद, संसदीय सुनुवाई समितिका माननीय सभापति श्री लक्ष्मणलाल कर्ण, राष्ट्रियसभा, प्रत्यायोजित विधायन तथा सरकारी आश्वासन समितिका माननीय सभापति श्री रामनारायण विडारी तथा राष्ट्रिय सभाका माननीय सदस्य श्री राधेश्याम अधिकारी तथा संहिता दिवस तयारी समितिका संयोजक तथा सदस्य समेतको उपस्थितिमा मन्त्रालयमा बैठक बस्यो। उक्त बैठकमा सर्वोच्च अदालतका रजिष्टार श्री लाल बहादुर कुँवर, महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय तथा प्रहरी महानिरीक्षक श्री सर्वेन्द्र खनालले संहिता कार्यान्वयनको हालसम्मको अवधिमा भोग्नु परेका समस्याहरु, त्यस्ता समस्या समाधान गर्न संहिताको व्यवस्थामा गर्नु पर्ने सुधारहरुका विषयमा संक्षिप्त प्रस्तुती गर्नु भएको थियो ।

सो बैठकमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री राजीव गौतमले मुलुकी संहिताहरुको कार्यान्वयनको एक वर्ष पुग्नै लागेको अवसरमा यसको कार्यान्वयनको अवस्थाको समिक्षा गरी कार्यान्वयनमा रहेका समस्याहरुको सुधारको उपायहरुको खोजी गर्ने, यस क्रममा छलफलको लागि कार्यपत्र तयार गरी प्रदेशस्तरमा समेत छलफल गराई सुझाव लिने योजना रहेकोले यस क्रममा तयारी समितिलाई मार्गदर्शन तथा निर्देशन गर्न समेतको लागि माननीय कानून मन्त्रीज्यूको अध्यक्षतामा तत्कालिन व्यवस्थापिका संसदमा मुलुकी संहिताहरुको व्यवस्था परिमार्जन गर्न तथा पारित गराउने क्रममा अगुवाई गर्नु हुने माननीय सदस्यहरु समेत रहेको निर्देशन समिति गठन गरेर छलफलको प्रक्रिया अगाडी बढाउने सम्बन्धमा प्रस्तुत बैठक आयोजना गरिएको जानकारी गराउनु भएको थियो ।

छलफलमा भागलिंदै माननीय श्री रामनारायण विडारीले कार्यविधिगत रुपमा सुधार गर्नु पर्ने विषय, आपसमा बाझिएका कानूनका विषय तथा स्पष्ट हुन नसकेका विषयमा संशोधन तथा सुधार गर्नको लागि सहज रहेको तथा संहिताका सारभूत विषयमा संशोधन वा परिवर्तनको हकमा गहिरो छलफल गर्न आवश्यक रहेको विचार व्यक्त गर्नु

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४

नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(..............................................शाखा)
प.सं. :
च.नं. :
सिंहदरवार, काठमाण्डौं

भयो। त्यसै गरी राष्ट्रियसभाका माननीय सदस्य श्री राधेश्याम अधिकारीले मुलुकी संहिताहरुको व्यवस्था मुलतः अभ्यासमा रहेका व्यवस्थाहरु रहेका र संहिताका सारभूत विषयहरुमा परिवर्तन गर्नको लागि यसका सैद्धान्तिक तथा नीतिगत पक्षमा नै व्यापक रुपमा छलफल गर्नु पर्ने, सम्बन्ध विच्छेदको विषय लगायतका परिवारिक कानूनका विषयमा मन्त्रालयले तथ्यगत आधारमा विश्लेषणात्मक अध्ययन गर्नु पर्ने धारणा व्यक्त गर्नु भएको थियो। छलफलको क्रममा संघीय संसद, संसदीय सुनुवाई समितिका सभापति माननीय श्री लक्ष्मणलाल कर्णले संहिताको व्यवस्था नयाँ भएको तर हाम्रो विचार तथा अभ्यास पुरानै रहेको कारण कार्यान्वयनमा कतिपय समस्या देखिएको, यस्ता कतिपय समस्या तालीमको माध्यमबाट समेत समाधान गर्न सकिने विचार व्यक्त गर्नु भएको थियो ।

बैठकमा कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले मुलुकी संहिताहरुले गरेका कतिपय व्यवस्थाहरुमा सुधारको लागि मन्त्रालयमा सुझाव प्राप्त भएको तथा संहिता कार्यान्वयनमा रहेका समस्या तथा यसमा सुधारका विषयहरुमा सम्बन्धित निकायहरुबाट प्राप्त सुझावको आधारमा मन्त्रालयले छलफलको लागि विषवस्तु रहेको कार्यपत्र तयार गर्ने र यसरी तयार गरिएको विषयवस्तुको बारेमा प्रदेशस्तरमा समेत छलफल गरी प्राप्त सुझाव समेतको आधारमा सुधारका विषयलाई अन्तिम रुप दिने विचार व्यक्त गर्नु भएको थियो। माननीय मन्त्रीले यस क्रममा संहिताका सुधार गर्नु पर्ने नीतिगत विषय भएमा त्यसलाई दलीय सहमतिको आधारमा समेत निकास खोज्न सकिने विचार व्यक्त गर्नु भएको थियो ।

यस प्रकारको छलफललाई निरन्तरता दिन आवश्यक विषयमा मार्गदशन गर्नको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यूको अध्यक्षतामा प्रतिनिधिसभाका कानून, न्याय तथा मानव अधिकार समिति र संसदीय सुनवाई समितिका सभापति, राष्ट्रिय सभा प्रत्यायोजित विधायन तथा सरकारी आश्वासन समितिका सभापति, राष्ट्रियसभाका माननीय सदस्य श्री राधेश्याम अधिकारी, नेपाल कानून आयोग र नेपाल बार एशोसिएसनको प्रतिनिधित्व रहने गरी निर्देशक समिति रहने व्यवस्था गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

२०७६।४।१५

(कमलराज गौतम)
उपसचिव एवं सहायक प्रवक्ता

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४